# आर्थिक वर्ष २०८०/०८१ को
# बजेट वक्तव्य

ताराखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अर्गल, बागलुङ

# तारखोला गाउँपालिका
# आर्थिक वर्ष २०८०/०८१को बजेट वक्तव्य

**सम्माननीय सभाका सभाध्यक्ष ज्यू,**
**सभामा उपस्थित सम्पूर्ण सदस्य ज्यूहरु, आमन्त्रित समाजसेवी, बुद्धिजिवी, राष्ट्रसेवक कर्मचारी, शिक्षक, पत्रकार, सुरक्षा निकायका प्रमुख लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,**

विभिन्न कालखण्डहरूमा भएका जनआन्दोलन तथा जनयुद्धद्वारा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि जारी भएको जनताको इच्छा र अपेक्षा अनुसारको संविधानमा जनताले नै रोजेका जनप्रतिनिधिहरुद्वारा आफ्नै घर आगनमा छिटो, छरितो, गुणस्तरीय र प्रभावकारी रूपमा सार्वजनिक सेवा प्राप्त गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्राप्तिका लागि त्याग र तपस्या सहित आफ्नो ज्यानको बलिदानी दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। यस बजेट तथा कार्यक्रम निर्माणमा सहयोग गर्नुहुने सम्पुर्ण महानुभावहरुलाई विशेष धन्यवाद व्यक्त गर्न चाहान्छु ।

गाउँपालिका क्षेत्रमा उपलब्ध प्राकृतिक स्रोतहरूको समुचित प्रयोग गरी रोजगारी सिर्जना मार्फत गरिबी निवारण गरी आर्थिक,सामाजिक र भौतिक रुपमा समृद्ध ताराखोलाको निर्माण गर्नु नै हाम्रो प्रमुख उद्देश्य हो। जटिल भौगोलिक संरचनाका बीचमा भइरहेका पूर्वाधार निर्माणका कार्यहरूको कारणले वर्षातको समयमा हुने बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपहरूको सिर्जना भई सार्वजनिक पूर्वाधार क्षेत्रमा गरिएको लगानीको समुचित प्रतिफल प्राप्त हुन नसक्नु, अव्यवस्थित बसाइसराइका कारण सार्वजनिक क्षेत्रमा गरिएको लगानी को लाभ लिने जनसंख्या घट्दै जानु, दक्ष र सीपयुक्त जनशक्तिलाई पालिका क्षेत्रमा रोजगारी उपलब्ध गराउन नसकिनु जस्ता चुनौतीहरू हाम्रा सामु रहेका छन् । यद्यपि कृषि र पशु पालनलाई व्यवसायिक बनाई, पर्यटन पूर्वाधारको निर्माण गरी, प्राकृतिक स्रोतहरूको समुचित उपयोग गर्दै रोजगारी सृजना गरी गरिबी निवारण तर्फ जोड दिइ**"कृषि, पर्यटन,वन, उद्योग र रोजगारीको सबल पूर्वाधार, गुणस्तरीय स्वास्थ्य र शिक्षा सहितको आत्म निर्भर र समृद्ध ताराखोलाको कार्यभार"**भन्ने दीर्घकालीन सोचलाई पुष्टयाई गर्नेतर्फ बजेटलाई केन्द्रित गरेको छु ।

**सम्मानित सभाका सभाध्यक्ष एवं सदस्य ज्यूहरु,**

चालु आ.व. कोबजेट तथा कार्यक्रम कार्यान्वयनमा हालसम्म निम्न बमोजिम वित्तीय प्रगति हासिल गरेको कुरा राख्न चाहन्छु ।

- चालु आ व मा कुलआय रू. ३६ करोड ६६ लाख ९२ हजारविनियोजन गरिएको थियो।जसमा पूँजीगत खर्च कुल रु १४ करोड ६३ लाख २९ हजार र चालु खर्च सशर्त अनुदान सहित रु २२ करोड ३ लाख ६३ हजाररहेको थियो भनेहालसम्ममा सशर्त अनुदान सहितको चालु खर्च रु १७ करोड ११ लाख ८ हजार ९ सय ९८ र पुँजिगत खर्च रु १० करोड ७३ लाख ८२ हजार २ सय ३७ गरी जम्मा २७ करोड८४ लाख ९१ हजार २ सय ३५ वित्तीय प्रगति भएको छ ।
- चालु आ.व.मा रू ५० लाखराजश्व संकलन गर्ने अनुमान गरिएकोमा हाल सम्म रू ५१ लाख ६ हजार १४५ राजश्व संकलन हुन सकेको छ।

**सम्माननीय सभाका सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक वर्षको बजेटको प्रमुख उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छु।

१. गाउँपालिकाका गौरवका आयोजनाहरुमा बजेटलाई प्राथमिकिकरण गर्ने ।
२. "अध्यक्ष सँग श्रमिक कार्यक्रम" मार्फत किसान, मजदुर तथा श्रमजीवि वर्गहरुलाई गाउँपालिकामा विकासको मुख्य केन्द्रमा राख्ने ।
३. शैक्षिक क्षेत्रमा बृहत गुरुयोजना सहित गुणस्तरीयता अभिवृद्धि गर्ने ।
४. गाउँपालिकाभित्र अति आवश्यक पर्ने वस्तु वाहेक विलासिताको वस्तुहरुमा आयात प्रतिस्थापन र स्थानीय उत्पादनको निर्यात प्रवर्द्धन गर्दै बजार अनुगमनलाई थप व्यवस्थित गर्ने।
५. आन्तरिक उत्पादन र रोजगारि अभिवृद्धिको लागि प्राकृतिक स्रोतहरुको संरक्षण गर्दै उच्च उपयोग गर्ने।
६. सामाजिक न्याय र समावेशिकरणको लागि जातीय, क्षत्रिय, लैङ्गिक, भाषिक, सांस्कृतिक लगायत सबैखाले विभेदको न्युनिकरण लागि विशेष कार्यक्रमहरु संचालन गर्ने ।
७. राष्ट्रिय भवन संहिता तथा मापदण्डलाई मध्यनजर गर्दै नयाँ भवन निर्माण कार्यालाई व्यवस्थितगर्ने ।
८. स्वच्छ पिउने पानी र सरसफाईको सुनिश्चितता गर्ने ।
९. शहिद, वेपत्ता, घाईते, अपाङ्गलाई विशेष कार्यक्रम मार्फत सम्बोधन गर्ने ।
१०.जनसुरक्षाको लागि विपद् जोखिम न्युनीकरणमा विशेष जोड दिने ।

अब म आगामी आर्थिक वर्षमा उल्लेखित उद्देश्य परिपूर्ति गर्न बजेटका प्रमुख प्राथमिकताहरु प्रस्तुत गर्दछु।

१. सामाजिक विकास,
२. मानवीय पूँजी परिचालनमार्फत स्थानीय श्रमशक्तिको उपयोग,
३. पालिका स्तरका गौरवका आयोजनाको रुपमासडक, खानेपानी, भवन तथा अन्य पूर्वाधार निर्माण,
४. कृषि, पशुपालन, सहकारी, उद्योग र पर्यटन मार्फत आर्थिक विकास,
५. वन, वातावरण तथा विपद् व्यवस्थापन,
६. सुशासन तथा संस्थागत क्षमता विकास,

**सम्माननीय सभाका सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक वर्षको कुल बजेट तथा क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु,

आगामी आर्थिक वर्षमा नेपाल सरकारबाट सशर्त अनुदान रू १६ करोड ७३ लाख, वित्तिय समानीकरण अनुदान रू ७ करोड ५ लाख विषेश अनुदान रु ६५ लाख, समपुरक अनुदान रु ७५ लाख, र राजश्व बाँडफाँडबाट रू ६ करोड ५९ लाख ७० हजार प्राप्त हुने भएको छ । त्यसै गरी गण्डकी प्रदेश सरकारबाट सशर्त अनुदान रु ५० लाख,समानिकरण अनुदान रू ७९ लाख ८८ हजार, राजश्व बाँडफाँडबाट रू ४२ लाख ३२ हजार र समपुरक अनुदान रु ५० लाख प्राप्त हुने भएको छ ।यस आर्थिक वर्षमा रू २ करोड ८ लाख३ हजार मौज्दात रहने अनुमान रहेको छ। आन्तरिक आयलाई आगामी आर्थिक वर्षमा अझै व्यवस्थित गरी कर र राजश्वको दायरा बृद्धि गर्ने योजना अनुसार आगामी आर्थिक वर्षमा आन्तरिक आम्दानी रू ६० लाख हुने अनुमान गरेको छु। उल्लेखित अनुमानको आधारमा आगामी आर्थिक वर्षमा गाउँपालिकाको कुल आय **रू३६ करोड ६७ लाख ९३ हजार** हुने अनुमान गरेको छु।

**सम्माननीय सभाका सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक वर्षमा गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख कार्यक्रम तथा क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु,

## १. आर्थिक विकास तर्फ

गाउँपालिकाले आगामी आर्थिक वर्षमा आन्तरिक उत्पादन र रोजगारि अभिवृद्धिको लागि जल, जमिन, जंगल, उद्योग, स्थानीय उत्पादन (आलु, भाँगो, किवि लगायत), पर्यटनक्षेत्र तथा जैविक विविधता लगायतका प्राकृतिक स्रोतहरुको संरक्षण गर्दै उच्च उपयोग गर्नेछ, जसमा गाउँपालिकाको उत्पादनलाई भण्डारण गरी मुल्य अभिबृद्धिका साथ स्थानीय उत्पादनको बजारीकरणको लागि तरिममा कृषि कबल घर निर्माण को लागि रु. ४० लाख विनियोजन गरेको छु । वडा नं.१ मा

कृषि उपज संकलन केन्द्र निर्माणको निरन्तरताको लागिआगामी आ.ब.मा रु.६७ लाख ७० हजार विनियोजन गरेको छु । ताराखोला किबि बगैचा ब्यबस्थापनको लागी रु ७ लाख बजेटको ब्यवस्था गरेको छु ।फलफुल विरुवा रोपण, किसान सुचिकरण कार्यक्रम, कृषि पशुपंक्षी तत्थ्याङ्क अध्याबधिक कार्यक्रमहरुलाई निरन्तरता दिईएको छ । सशर्त र गाउँपालिकाबाट बिनियिजत रकम सहित कृषि विकाश तर्फ कुल बजेट रु १ करोड ४३ लाख ७० हजार ब्यवस्था गरेको छु ।

चालु आ.व. मा पशु विकास पकेट कार्यक्रम सञ्चालन गरिएकोमा सो कार्यक्रमलाई निरन्तरता दिईएको छ ।सबै वडामा पशुसेवा प्राबिधिकको ब्यबस्था गरीपशु-पंक्षि तथा मत्स्य औषधी निशुल्क वितरणको लागि रु ९ लाख बजेट विनियोजन गरेको छु।पशु बिमा कार्यक्रमलाइ प्रभाबकारी रुपमा संचालन गर्नकोलागी अभिमुखीकरण कार्यक्रम संचालनको लागी रु १ लाख बजेटको व्यवस्था मिलाएको छु । पशु विकास तर्फ बाख्रा पकेट कार्यक्रमलाइ निरन्तरताको ब्यवस्था मिलाएको छु ।आगामी आ.ब.मा सशर्त र गाउँपालिकाबाट विनियोजित रकम सहित पशु बिकाश तर्फ कुल बजेट रु १९ लाख ब्यवस्था गरेको छु ।

गाउँपालिकामा रहेका सहकारीहरुलाइ कोपोमिस तालिम संचालनको लागी रु. २ लाख बजेटको व्यवस्था मिलाएको छु ।ताराखोला गाउँपालिका वडा नं. १ भुस्कातमा निर्माणधिन औधोगिक ग्रामलाई पुर्णता दिनका लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।लघुउद्यम विकास कार्यक्रम मार्फत स्थानीय उत्पादनको साना तथा घरेलु उद्योग स्थापना गरि स्वरोजगारीताको श्रृजना गरिनेछ ।लघु उद्यम विकासको लागी रु २० लाख बजेटको व्यवस्था मिलाएको छु ।सहिद पार्क निर्माणको लागी रु ५ लाख बजेटको ब्यवस्था मिलाएको छु । करिमेलालाई नमुना पर्यटकिय गाउँको विकास गर्न रु १५ लाख रकम विनियोजन गरेको छु ।
आर्थिक बिकास तर्फ कुल रु.२ करोड ४ लाख ७० हजार बजेटको ब्यवस्था मिलाएको छु ।

## २. सामाजिक विकास

शैक्षिक क्षेत्रमा बृहत गुरुयोजना सहित परिवर्तनको प्रत्याभुति गराउनको लागि रु. ५० लाख बजेट विनियोजन गरेको छु । विद्यालय क्षेत्र सुधार योजना अन्तर्गत रु. २ करोड ३८ लाख बजेट विनियोजन गरेको छु । विद्यार्थीको को अनुपातमा शिक्षक दरबन्दी कम भएका बिद्यालयहरुमा करार शिक्षक ब्यवस्थापनकोलागी रु १८ लाख ५० हजार र कार्यालय सहयोगी, बाल बिकास केन्द्रका सहजकर्ता र बिद्यालय कर्मचारीहरुको थप पारिश्रमिका लागी रु ३२ लाख बजेट बिनियोजन गरेको छु ।

समग्रमा, आगामी आ.व.मा संघीय सरकार सशर्त अनुदान तर्फ रु. १० करोड ८१ लाख  र गाउँपालिकाबाट बिनियोजित रकमरु १ करोड १३ लाख ४० हजार गरि शिक्षा तर्फ कुल बजेट रु ११ करोड ९४ लाख ४० हजारको व्यवस्था गरेको छु ।

गाउँपालिकामा निशुल्क स्वास्थ्य सेवा,नेपाल सरकारले तोके अनुसारका औषधी वितरणर एम्बुलेन्स सेवालाइ प्रभावकारी र पारदर्शी बनाउन आवश्यक रकम विनियोजन गरेको छु । जोखिमपूर्ण रोगको उपचार र पहिचानमा खटिने स्वास्थ्यकर्मीहरुलाई जोखिम भत्ताको व्यवस्था गरेको छु । महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाइ मोवाइल रिचार्ज खर्च,जीवन विमा तथा मासिक वैठक भत्ता लगायत अन्य सुविधाहरुको लागि आवश्यक रकम विनियोजन गरेको छु । सुनौला हजार दिनका आमाहरुलाई पोषणयुक्त खानेकुरा व्यवस्थापन सम्बन्धी कार्यक्रमलाइ निरन्तरता दिएको छु।

गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा संघीय सरकार सशर्त अनुदान तर्फ रु २ करोड ९० लाख र गाउँपालिकाबाट बिनियोजितरु ७९ लाख ८३ हजार गरी जम्मा रु ३ करोड ६९ लाख ८३ हजार बजेटको व्यवस्था गरेको छु ।

युवाहरुमा लागिसीप विकास, तालिम, प्रविधि र पूँजी उपलब्ध गराई स्वरोजगार तथा उद्यमशीलतामा संलग्न गराइने छ भने स्थानीय श्रमशक्ति परिचालनको लागि रु. ७१ लाख बजेट विनियोजन गरेको छु ।गाउँपालिका स्तरीय खेलकुद विकासको लागि ताराखोला बहुउद्देश्यीय कभर्ड हल निर्माणको लागि रु. १ करोड १३ लाख बजेट विनियोजन गरेको छु । गाउँपालिका भित्र रहेका युवाहरुलाई रोजगारमा आबद्धगराउन अध्यक्ष रोजगार कार्यक्रम मार्फत१० लाख रकम विनियोजन गरेको छु । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सुचिकृत बेरोजगार युवालाई रोजगारी प्रदान गर्न रु ५५ लाख बजेटको व्यवस्था मिलाएको छु ।

अन्तराष्ट्रिय नारी दिवस. जनयुद्ध दिबस तथा सहिद सप्ताह कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु । महिला सशक्तिकरण कार्यक्रम, जेष्ठ नागरिक सम्मान, दलित जनजाति अपाङ्गता भएका व्यक्तिहरु तथा बालमैत्री स्थानीय शासन प्रर्वद्धनको लागि आवश्यक रकम विनियोजन गरेकोछु ।लैङ्गिक समानता सामाजिक समावेशिकरण अन्तर्गत विभीन्न कार्यक्रम संचालनको लागि रु. २० लाख रकम विनियोजन गरेको छु । स्थानीय संचार माध्यम र टि.भि.च्यानल व्यवस्थापनको लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

समग्रमा,सामाजिक विकास तर्फ सशर्त अनुदान सहित रु. १७ करोड ९६ लाख २३ हजार बजेट विनियोजन गरेको छु ।

## ३. पूर्वाधार विकास

दलामचौर मोटरेबल पुल निर्माणको लागि रु. १ करोड ५० लाख, साँगुबोट दोगाडि करिमेला सडक स्तरोन्नतिको लागि रु.१ करोड,घुस्मेलि भातखानेडाँडा सभाहल किकल्टा जोडने सडकस्तरोन्नतिको लागि रु. ५० लाख, झो.पु क्षेत्रगत कार्यक्रम साझेदारी सहित झो.पु तथा स्ट्रिल ट्रस पुल निर्माण कार्यको दायित्व स्वरुप रु. १ करोड, जनता प्रा.वि भवन निर्माणको लागि रु. ६५ लाख, सुरक्षित मातृत्व महिला समुह भवन निर्माणको लागि रु. ५० लाख, प्रशासनिक भवन वडा नं.१ निर्माणको लागि रु.१ करोड ८ लाखबजेट विनियोजन गरेको छु ।स्थानीय विद्युत उत्पादन कार्यक्रम लागत सहभागीताको लागि रु. १ करोड बजेटको व्यवस्था मिलाईएको छ ।नमुना विद्यालय भवन निर्माणको लागि रु. १ करोड र नवीकरणीय ऊर्जा प्रवधि जडानको लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु ।

समग्रमा आगामी आ.व.मा पूर्वाधार विकास तर्फ कुल रु ८ करोड ९१ लाख ५० हजार बजेटको व्यवस्था गरेको छु ।

## ४. वन, वातावरणतथा विपद् व्यवस्थापन

पानिको मुहानको आसपास जमिनमा रुख काट्ने वा अन्य गतिविधि गर्न नपाइने नीति अवलम्बन गरिनेछ ।बाह्रै मास सडक संचालन तथा मर्मतको लागी रु. २५ लाख बजेट विनियोजन गरेको छु ।विपद ब्यवस्थापन कोषको लागी रु. १५ लाख, ग्याबिन तार जाली व्यवस्थापनको लागी रु ८ लाख,गरि आगामी आ.व.मा वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ कुल बजेट रु ४८ लाख बजेटको ब्यवस्था गरेको छु ।

## ५. सुशासन तथा संस्थागत क्षमता विकास

वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्र, सार्वजानिक सुनुवाइ कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।श्रम बैङक संचालन तथा व्यवस्थापनको लागि रु. ७१ लाख बजेट विनियोजन गरेको छु । टोल विकास संस्थाहरुलाइ परिचालनको लागि रु. ४ लाख बजेट व्यवस्था गरेको छु । संघ तथा प्रदेशका योजना साझेदारी कार्यको लागि रु. २० लाख, स्थानीय श्रमको सम्मान तथा व्यवस्थापनको लागि रु. ५ लाख, उत्कृष्ट कार्य सम्मान कार्यक्रम तथा विज्ञ सम्मेलनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु । जनप्रतिनिधि र कर्मचारी अध्ययन तालिम तथा गाउँपालिका कार्यालयहरुमा फर्निचर व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । समग्रमा, सुशासन तथा संस्थागत क्षमता विकासको लागि रु. १ करोड २५ लाख ५०

हजार बजेट विनियोजन गरेको छु ।गाउँपालिकाको प्रशासनिक खर्चको लागि रु ५ करोड ९२ लाख रकम विनयोजन गरि आ.व. २०७९/८० को भन्दा चालु खर्च रु. १५ लाख बजेट कम विनियोजन गरेको छु ।

**सम्माननीय सभाका सभाध्यक्ष ज्यू,**

आगामी आर्थिक वर्षमा उल्लेखित वजेटको कार्यान्वयनबाट आर्थिक, सामाजिक, पूर्वाधार, सांस्कृतिक लगायतका क्षेत्रहरुमा उल्लेखनीय रुपमा प्रगतीहुने अपेक्षा गरेको छु । स्वीकृत कार्यक्रमहरुको विवरण, विनियोजन विधेयक, आर्थिक विधेयकहरुको मस्यौदा छलफलको लागि सम्मानित सदनमा यसै साथ संलग्न गरेकोछु ।

मितिः २०८० असार ८ गते शुक्रबार रोज ६ शुभम !!

**धन्यवाद !**

भिम बहादुर रोका
उपाध्यक्ष
ताराखोला गाउँपालिका